सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को

## पहिलो त्रैमासिक प्रगती विवरण

## (PROACTIVE DISCLOSURE)

## आ. व. २०७९/०८० (२०७९ श्रावण – असोज)





प्रकाशकः-

नेपाल सरकार

गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय**

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

कावासोती

२०७४

सूचनाको हक सम्वन्धि ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ वमोजिम यस कार्यालयवाट मिति २०७८ श्रावण १ देखि २०७८ असोज मसान्ततसम्म ३ महिना अवधिका सूचनाहरु सोही ऐनको दफा ५(४) वमोजिम देहाय अनुसार प्रकाशन गरिएको गरिएको छ ।

(क) **जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति :** स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरुप संचालन गर्न तथा शान्ति र व्यवस्था कायम राख्ने कार्य प्रभावकारी रुपमा संचालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू गरियो र उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना भएका छन । नेपालको संविधान, २०७२ मा साविक नवलपरासी जिल्लालाई नवलपरासी (वर्दघाट सुस्ता पूर्व) र नवलपरासी (व.सु.प.) नामांकरण भई छुट्टा छुट्टै जिल्लाको रुपमा अनुसूचीमा उल्लेख भए वमोजिम मिति २०७४/०७/१९ गते देखि जिल्ला प्रशासन कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)को स्थापना भएको छ ।

(ख) **जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार :**

- जिल्लामा शान्ति सुरक्षा र अमन चयन कायम राख्ने ।
- आफ्नो जिल्लाका प्रहरी अधिकृत तथा जवानहरुलाई नियन्त्रण र निर्देशन गर्ने एवं अधिकृतहरुको नेकीवदी राख्ने ।
- कारागार प्रशासन एंव कारागारको सुरक्षा व्यवस्था मिलाउने ।
- हातहतियार खरखजाना सम्बन्धी कार्य गर्ने ।
- विष्फोटक पदार्थ नियन्त्रण सम्बन्धी कार्यगर्ने ।
- विदेशी नागरिक उपर रेखदेख र नियन्त्रण गर्ने ।
- यातायात सम्वन्धी काम गर्ने ।
- संघ, संस्था, पत्रपत्रिका सम्बनधी कार्य गर्ने ।
- स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने ।
- नागरिकता दिने र सो सम्बन्धी कारवाही चलाउने ।
- आप्रवास सम्बन्धी काम गर्ने ।
- चिठ्ठा, जुवा आदि नियन्त्रण गर्ने ।
- अभद्र व्यवहार रोकथाम र नियन्त्रण गर्ने ।
- प्रकोपमा परेकाहरुको उद्धार र राहतको व्यवस्था मिलाउने र मिलाउन लगाउने ।
- लागू औषध नियन्त्रण सम्बन्धी काम ।
- चलचित्र, हाटवजार, मेला सम्वन्धी कार्यगर्ने ।
- सीमा प्रशासन र इलाका प्रशासन सम्बन्धी काम गर्ने ।
- जिल्ला भित्र रहेको नेपाल सरकारको सम्पत्तिको रेखदेख, नियन्त्रण,मर्मत संभार आदि कार्य गर्ने ।
- निर्वाचन सम्वन्धी कार्य गर्ने ।
- जीउ मास्ने बेच्ने कार्य नियन्त्रण गर्ने क्रममा आवश्यक काम गर्ने ।
- तस्करी नियन्त्रण गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी


- नाता प्रमाणित गरि दिने ।
- मुआब्जा निर्धारण र वितरण सम्बन्धी कार्य गर्ने ।
- घर भाडा निर्धारण सम्बन्धी कार्य गर्ने ।
- नावालाक, असहाय वालवालिकाको संरक्षण गर्ने ।
- मूल्य नियन्त्रण गर्ने, कृतिम अभाव, जमाखोरी अनुचित लाभ गर्न नदिने र दैनिक उपभोग्य वस्तुको आपूर्तिको प्रवन्ध मिलाउने ।
- जिल्लास्थित सरकारी कार्यालयहरुको निरीक्षण गरी त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने ।
- जिल्लास्थित कार्यालयहरु वीच समन्वय गर्ने ।
- सभा, समारोहको प्रवन्ध मिलाउने ।
- सामाजिक संघ, संस्था, स्कूल, कलेज, स्वास्थ्य निकाय आदिलाई आवश्यक सहयोग पुऱ्याउने ।
- प्रचलित नेपाल कानूनले तोके अनुसारका मुद्धा मामिलामा आवश्यक कारवाही गर्ने ।
- नेपाल सरकारले तोकेको र दिएको निर्देशन अनुरुपको कार्य गर्ने गराउने ।
- जिल्लास्थित प्रख्यात र कुख्यात व्यक्तिहरुको अभिलेख राख्ने ।
- जिल्लाभित्र संचालित विकास आयोजना रेखदेख, समन्वय र सहयोग पुऱ्याउने ।
- मदिरा नियन्त्रण सम्बन्धी कार्य गर्ने ।
- जिल्लास्थित राजनीतिक दलहरु वीच सहज र मैत्री सम्बन्ध बनाउने ।
- नेपाल सरकारको तर्फबाट हुने जिल्लास्थित कार्यमा प्रतिनिधित्व गर्ने ।
- अन्य कुनै पदाधिकारीलाई नतोकिएको कार्य गर्ने ।
- कार्यालय प्रमुखको बैठक गरी जिल्लामा भै रहेका कार्य र समस्याको निराकरणको लागि निकास खोज्ने ।
- जिल्लाको सुरक्षा पार्श्वचित्र District Security Profileतयार पारी राख्ने ।
- लोकसेवा आयोगबाट अधिकार प्रत्यायोजन भए बमोजिम पदपूर्ति सम्वन्धी काम गर्ने ।
- जिल्लामा ज्यालादर रेट निर्धारण सम्वन्धी कार्य गर्ने ।
- जनतालाई परेको पिरमर्का सम्बन्धी जनगुनासोका सम्वन्धमा छलफल गराई समस्याको समाधान खोज्ने ।
- जिल्लामा दिनै पिच्छे घटेका घटनाहरुको अभिलेख तैयार गरी घटनाको महत्व अनुसार दैनिक/मासिक प्रतिवेदन मन्त्रालयमा पठाउने ।
- कुनै पनि मन्त्रालयलाई नतोकिएको नेपाल सरकारको कुनै काम

जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

(ग) **जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.) को स्वीकृत संगठन संरचना र दरवन्दी तेरिज**

**अ) संगठन संरचना**




गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

आ) दरवन्दी तेरिज

| सि.नं. | पद | श्रेणी | दरवन्दी संख्या | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | - | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्वितिय | १ | १ | - | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतिय | ३ | ३ | – | |
| ४ | नायव सुव्वा | रा.प.अन.प्रथम | १० | ५ | ५ | |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | १ | १ | - | |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | ३ | ३ | | |
| ७ | खरिदार | रा.प.अन.द्वि | ५ | १ | ४ | |
| ८ | हल्का सवारी चालक | श्रेणी विहिन | २ | २ | - | करार २ |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | ० | स्थायी २<br>करार ५ |
| | **जम्मा** | | ३३ | २४ | ९ | |

- अस्थायी दरवन्दीमा कम्प्युटर अपरेटर
- राष्ट्रिय परिचय पत्र तर्फ  विवरण दर्ता अपरेटर  २ जना र फर्म भर्ने स्वयंसेवक  १ जना

(घ) **जिल्ला प्रशासन कार्यालयवाट प्रदान गरिने सेवा :**

- नेपाली नागरिकताको प्रमाणपत्र वितरण
- राहदानी सिंफारिस
- विपद व्यवस्थापन ,प्रकोपवाट पीडितलाई आर्थिक सहायता वितरण
- नामथर, उमेर संशोधन र प्रमाणित
- जनजाती, दलित, आदिवासी प्रमाणित
- पेन्सन सिफारिस सम्वन्धि
- मुद्दा, ठाडो उजुरी
- मुआब्जा भुक्तानी
- सवारी दुर्घटनाका मृतकका हकदार/घाईतेलाई क्षतिपूर्ति राहत/ औषधी उपचार दिलाई भराई दिने
- हात हतियार इजाजत नविकरण र नामसारी सम्बन्धी
- नाबालक परिचय पत्र सम्बन्धी
- संस्था दर्ता र नविकरण,
- छापाखाना तथा पत्रपत्रिका दर्ता सम्बन्धी
- द्धन्दको क्रममा मृत्यु भएका व्यक्तिका नजिकका हकदारहरुलाई आर्थिक सहायता वितरण

जिल्ला प्रशासन कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

(ङ). **जिल्ला प्रशासन कार्यालयका शाखा र जिम्मेवार अधिकारी**

| सि.नं. | शाखा | जिम्मेवार व्यक्ति | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १ | मुद्धा शाखा/जिन्सी शाखा | ना.सु. श्री सुनिल लम्साल<br>ना.सु श्री यादव पराजुली | प्र.जि.अ.श्री सुमन घिमिरे<br>स.प्र.जि.अ.श्री सुवास कुमार लामिछाने<br>प्र.अ.श्री शिवराज कोइराला |
| २ | स्थानीय प्रशासन शाखा | ख. विनिता कुमारी | ,, |
| ३ | लेखा शाखा | ले.पा. श्री सूर्य प्रसाद गौतम | ,, |
| ४ | सचिवालय | क.अ. तारा देवी अर्याल | ,, |
| ५ | नागरिकता प्रतिलिपि शाखा | **ना.सु. श्री प्रेम बहादुर रोकाया**<br>**क.अ.श्री छविलाल राना** | प्र.जि.अ.श्री सुमन घिमिरे<br>स.प्र.जि.अ.श्री सुवास कुमार लामिछाने<br>प्र.अ.श्री भरत सापकोटा |
| ६ | नागरिकता शाखा | ना.सु. श्री खुम बहादुर बस्नेत<br>क.अ.श्री नगिना भण्डारी | प्र.जि.अ.श्री सुमन घिमिरे<br>स.प्र.जि.अ.श्री सुवास कुमार लामिछाने<br>प्र.अ.श्री आनन्द शर्मा भुसाल |
| ७ | राहदानी शाखा | ना.सु. श्री मिना सुवेदी<br>क.अ. श्री गिता भण्डारी सापकोटा | प्र.जि.अ.श्री सुमन घिमिरे<br>स.प्र.जि.अ.श्री सुवास कुमार लामिछाने<br>प्र.अ.श्री आनन्द शर्मा भुसाल |

(च) **जिल्ला प्रशासन कार्यालयवाट प्राप्त हुने सेवाको दस्तुर र अवधि** :

| सि.नं. | सेवाको किसिम | दस्तुर | अवधि |
|---|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्र | रु १०/- को टिकट | प्रक्रिया पुगेकै दिन |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | रु २०/- को टिकट | सोही दिनै |
| ३ | राहदानी (E-passport) | रु ५,०००/- | |
| ४ | संस्था दर्ता | रु १,०००/- | प्रक्रिया पुरा भएपछि |
| ५ | संस्था नविकरण | रु ५००/-असोज मसान्त सम्म<br>रु १००/-थप पौषमसान्त सम्म<br>रु२५०/-थप असार मसान्तसम्म | सोही दिनै |
| ६ | नाम, जात र उमेर प्रमाणित तथा अन्य सिफारिस | रु १० को टिकट | सोही दिनै |
| ७ | विपद्वाट पिडित राहत वितरण | नलाग्ने | सोही दिनै |
| ८ | ठाडो उजुरी | रु.१० को टिकट | सोही दिने प्रक्रिया बढाईने |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

(छ) **निर्णय प्रक्रिया र अधिकारी**

- मुद्दा हेर्ने अधिकार वाहेकका अन्य अधिकारहरु स.प्र.जि.अ.मा प्रत्यायोजन भएको छ ।
- निर्णय ३ तहमा हुने गरेको फाँटवाला - प्र.अ.- स.प्र.जि.अ./प्र.जि.अ.

(ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारी**

- प्र.अ. र स.प्र.जि.अ.ले गरेको निर्णय उपर उजुरी सुन्ने अधिकारी प्रमुख जिल्ला अधिकारी
- प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर उजुरी सुन्ने अधिकारी गृह मन्त्रालय सचिव (मुद्धा सम्वन्धमा पुनरावेदन सुन्ने नवलपुर जिल्ला अदालत)

**यस कार्यालयबाट २०७९ श्रावण देखि असोज ३० गतेसम्म सम्पादन भएका मुख्य मुख्य कार्यको सारांश :**

| सिनं.. | सम्पादित कामको विवरण | |
|---|---|---|
| १ | नँया नागरिकताको प्रमाण पत्र वितरण | महिला – १४२७, पुरुष-११७६,जम्मा -२६०३ |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | महिला – ८४४, पुरुष- १०२७ ,जम्मा -१८७१ |
| ३ | नागरिक एपबाट प्राप्त गुनासोहरु संवोधन<br>अनुसूची अनुसार CIMS मा संशोधन | ९ |
| ५ | E-passport | महिला-२१०२, पुरुष-३६६५ नाबालक-५१,जम्मा – ५८१८ |
| ६ | राष्ट्रिय परिचय पत्रको विवरण संकलन | महिला – १९५९, पुरुष-३३९६, जम्मा -५३५५ |
| ७ | विपदवाट प्रभावित घरको संख्या | ३ |
| ८ | विपद् प्रभावितलाई वितरण गरिएको राहत | ५०,०००/- |
| ९ | संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या | २६ |
| १० | नविकरण भएका संस्थाहरुको संख्या | १५१ |
| ११ | अन्य जिल्लामा दर्ता भएका संस्थाको शाखा कार्यालय स्थापना गर्न स्वीकृती दिएको संख्या | ० |
| १२ | संस्थाको विधान संशोधन | ० |
| १३ | राजश्व संकलन (राहदानी दस्तुर,धरौटी र संस्था दर्ता/नविकरण) | राहदानी- २,६८,४५,०००/-<br>संस्था दर्ता/नविकरण- २,६८,०००/-<br>प्रशासनीक दण्ड जरिवाना - ३९,८३२/-<br>अन्य प्रशासनिक सेवा शुल्क : २०,०००/-<br>परिक्षा शुल्क : ०<br>जम्मा: २,७१,७२,८३२/- |
| १४ | • मुद्दा दर्ता संख्या<br>• मुद्दा फर्छौट संख्या | २९<br>४ |
| १६ | सवारी तथा यातायात व्यवस्था ऐन वमोजिम क्रिया खर्च र क्षतिपूर्ति भराउन परेका निवेदन | ८ |
| १७ | ठाडो उजुरी सख्या | १९ |
| १८ | नाबालक परिचय पत्र वितरण | १६८ |
| १९ | आदिवासी/जनजाती, दलित, मधेशी र खस आर्य प्रमाणित | २९२ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| २० | भारतिय सैनिकको नाम, थर, उमेर फरक परेको सिफारिस र प्रमाणित तथा पारिवारिक पेन्सन सिफारिस संख्या | १६३ |
| २१ | भारतिय सैनिक बाहेक अन्यको विवरण फरक परेको व्यहोरा प्रमाणित | ११९ |
| २३ | चालचलन प्रमाणित | ८ |
| २४ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको अनुगमन | ० |
| २५ | सुरक्षा समितिको बैठक | १० |
| २६ | अन्तर जिल्ला समन्वय बैठक | ० |
| २७ | कार्यालय प्रमुखको बैठक | ४ |
| २८ | सूचना अधिकारीको बैठक | १ पटक |
| २९ | जिल्ला अनुगमन समिति (नदीजन्य पदार्थ) | २ पटक |
| ३० | जिल्लास्तरीय अनुगमन तथा मुल्याङकन समितिको बैठक | १ पटक |
| ३१ | कसुरजन्य सम्पत्तिको जिल्लास्तरीय अनुगमन तथा मुल्याङकन समितिको बैठक | १ पटक |
| ३२ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सम्वद्ध बैठक | ८ पटक |
| ३३ | जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) | २ पटक |
| ३४ | जिल्ला विपद व्यवस्थापन समितिको बैठक | १ पटक |
| ३५ | विविध बैठक | २ पटक |
| ३६ | जिल्ला दररेट समितिको बैठक | |

जिल्ला प्रशासन कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
कावासोती

सहायक प्रमुख जिल्ला अधिकारी

## आ.ब. २०७९।८० को पहिलो त्रैमासिकमा सम्पादन भएका मुख्य मुख्य कामको विवरण:

१) शान्ति सुरक्षा तथा अपराध नियन्त्रण तर्फ :

- Crime Map सहित जिल्लाको एकीकृत रणनीतिक सुरक्षा योजना, २०७९ स्वीकृत भई कार्यान्वयन भएको ।
- एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना, २०७९ स्वीकृत भई कार्यान्वयन भएको ।
- चाडपर्व लक्षित सुरक्षा योजना, २०७९ स्वीकृत गरी कार्यान्वयन भइरहेको ।
- राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कार्वाहीको कार्यविधि, २०७५ बमोजिम राजमार्ग सुरक्षा कार्ययोजना, २०७९ तयार गरी कार्यान्वयन भएको ।
- जिल्ला सुरक्षा समितिको बैठक – १० पटक बसेको ।
- यस जिल्लाको लागि प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७९ विशेष सुरक्षा योजना तयार गरी कार्यान्वयन भइरहेको।
- प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को लागि जिल्ला कमाण्ड पोष्ट तथा निर्वाचन सेल गठन भई गृह मन्त्रालय जानकारी पठाइएको र क्रियाशील रहेको ।
- दैनिक रुपमा मन्त्रालयमा जाहेरी पठाउने गरिएको (DRS प्रतिवेदन) ।
- मिति २०७९ असोज १४ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षता र गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराका प्र.ना.म.नि. श्री रामदत्त जोशीको सहभागितामा सुरक्षा समन्वय बैठक सम्पन्न गरी समग्र शान्ति सुरक्षा स्थिति र स्रोत परिचालनको विश्लेषणात्मक समीक्षा भएको ।

क) परीक्षा सुरक्षा व्यवस्था

- २०७९।०५।०६ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा SEE ग्रेड वृद्धि परीक्षाको लागि जिल्ला परीक्षा समन्वय समितिको बैठक बसी सुरक्षा व्यवस्था मिलाइएको ।
- मिति २०७९।०५।११ देखि सञ्चालित २०७८ सालको माध्यमिक शिक्षा परीक्षा ग्रेडवृद्धि (पुरक) मा भरपर्दो सुरक्षा व्यवस्था मिलाउन र SEE ग्रेड वृद्धि परिक्षाका केन्द्राध्यक्षहरुलाई जिल्ला प्रशासन कार्यालयमा अभिमुखिकरण सम्पन्न भएको ।
- मिति २०७९।०५।११ देखि सञ्चालित २०७८ सालको माध्यमिक शिक्षा परीक्षा ग्रेडवृद्धि (पुरक) २०७९/०५/१२ मा शान्तिपूर्ण रुपमा सम्पन्न भएको ।
- यही २०७९।०५।१६ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा CTEVT परिक्षा उपसमितिको बैठक बसी परीक्षा सञ्चालनको सुरक्षा व्यवस्था मिलाइएको ।
- यही २०७९।०५।२३ मा निमित्त प्रमुख जिल्ला अधिकारी श्री खिमराज भुसालको अध्यक्षतामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) परीक्षा उपसमितिको बैठक बसी परीक्षा सञ्चालनको सुरक्षा व्यवस्था मिलाइएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

- २०७९।०६।०६ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा कक्षा १२ को ग्रेड वृद्धि (पुरक) परिक्षाको लागि जिल्ला परीक्षा समन्वय समितिको बैठक बसी सुरक्षा व्यवस्था मिलाउने निर्णय भएको ।

**ख) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७९ सम्बन्धी विवरण :**

- जिल्ला कमाण्ड पोष्ट तथा निर्वाचन सेलको बैठक - ७ पटक
- मिति २०७९/०४/०६ मा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिसको लागि जिल्लाका राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलका पदाधिकारीहरु सहित जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी छलफल गरिएको ।
- मिति २०७९।०४।१२ मा निमित्त प्रमुख जिल्ला अधिकारी श्री खिमराज भुसाल सहित समितिका पदाधिकारीहरु, स्थानीय तहका जनप्रतिनिधिहरु र स्थानीय स्तरका राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरुको सहभागितामा मतदानस्थलमा गर्नु पर्ने पुनरावलकन सम्बन्धी सर्वदलीय बैठक बसी गैंडाकोट नगरपालिकाका ४ वटा, विनयीत्रिवेणी गाउँपालिकाका २ वटा र हुप्सेकोट गाउँपालिकाका १ वटा गरी जम्मा ७ (सात) वटा मतदानस्थल परिवर्तनकालागि निर्वाचन आयोगमा सिफारीस गर्ने निर्णय भएको ।
- मिति २०७९।०४।१८ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको संयोजकत्वमा जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस कार्यदलको बैठक बसी मिति २०७९।०४।१२ मा ७ (सात) स्थानका मतदान स्थल पुनरावलोकन सम्बन्धमा भएको निर्णय अनुसार मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ को मापदण्ड बमोजिम निर्वाचन आयोगमा सिफारिस गरिएको ।
- २०७९ मंसिर ४ मा हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि कर्मचारी / शिक्षकको विवरण अद्यावधिक गरी तोकिएको अनुसूची ढाँचा बमोजिम पठाउन google sheet को समेत प्रयोग गरी जिल्ला निर्वाचन कार्यालय र सबै सरकारी निकायसंग समन्वय गरिएको ।
- यही २०७९ मंसीर ४ गते आइतबार हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन कुशलतापूर्वक सम्पन्न गर्न मिति २०७९।०५।०१ मा जिल्ला कमाण्ड पोष्ट तथा निर्वाचन सेल गठन भई क्रियाशील रहेको ।
- २०७९।०५।०५ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) सम्बन्धमा जिल्ला कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको बैठक बसेको ।
- यही २०७९।०५।०८ मा सहायक प्रमुख जिल्ला अधिकारी श्री खिमराज भुसालको संयोजकत्वमा अन्तिम मतदाता नामावली तयार गर्न मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७९ सम्बन्धी बैठक राजनीतिक दल र मुख्य सरोकारवालाको उपस्थितिमा सम्पन्न भएको ।
- यही २०७९।०५।१७ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा मतदाता

सहायक प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

नामावली अद्यावधिक (दावी विरोध समेत) सम्बन्धी जिल्ला कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको बैठक बसेको ।

- मतदाता नामावलीमा दोहोरो परेको र अन्य गरी २,४३९ जनाको नामावली हटाइएको भनी जिल्ला निर्वाचन कार्यालयबाट जानकारी प्राप्त भएको ।
- २०७९ मंसिर ४ मा हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि कर्मचारी / शिक्षकको विवरण अद्यावधिक गरी तोकिएको अनुसूची ढाँचा बमोजिम पठाउन google sheet को समेत प्रयोग गरी उपलब्ध गराउन जिल्ला निर्वाचन कार्यालयसंग समन्वय गरिएको ।
- मिति २०७९।०५।३० मा म्यादी प्रहरी भर्ना छनौट, नियुक्ती तथा परिचालन सम्बन्धी मापदण्ड २०७९ को दफा ५.३ बमोजिमको म्यादी प्रहरीहरुको भर्ना, छनौट तथा नियुक्तीका लागि समितिको बैठक बसी छनौट उपसमिति गठन भएको र आजबाट म्यादी प्रहरीको निवेदन दर्ता शुरु गरिएको ।
- मिति २०७९।०५।३० मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को जिल्ला कमाण्ड पोष्ट तथा निर्वाचन सेलको बैठक बसी म्यादी प्रहरी छनौट प्रक्रियालाई व्यवस्थित रुपमा सम्पादन गर्न अन्तर निकाय समन्वय गर्ने निर्णय भएको ।
- मिति २०७९।०६।०३ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला सुरक्षा समिति, निर्वाचन जनशक्ति व्यवस्थापन समिति र जिल्ला कमाण्ड पोष्ठ तथा निर्वाचन सेलको बैठक सम्पन्न भएको ।
- मिति २०७९ असोज ०७ मा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा जिल्ला सदरमुकाममा रहेको कावासोती नगरपालिकाको कार्यालय र नापी कार्यालय, कावासोतीको कार्यालय रहेको स्थान सुरक्षाको दृष्टिकोणले समेत उपयुक्त देखिएकोले २ वटै निर्वाचन अधिकृतहरुको कार्यालय स्थापना गर्न सिफारिस गरिएको ।
- मिति २०७९ असोज ०६ मा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा निर्वाचन सुरक्षा समितिको बैठक बसी कावासोती नगरपालिकामा २ वटै निर्वाचन अधिकृतहरुको कार्यालय स्थापना गर्ने निर्णय भएको ।
- मिति २०७९ असोज ०९ मा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा कावासोती न.पा.को प्रतिनिधि समेतको सहभागितामा निर्वाचन अधिकृतको कार्यालय स्थापनां सम्बन्धमा समन्वय बैठक सम्पन्न भएको ।
- मिति २०७९।०६।११ मा निर्वाचन आचार संहिताका सम्बन्धमा ८ वटै स्थानीय तहका प्रमुख, उपप्रमुख, जिल्ला तथा पालिकाका प्रमुख/प्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत सहितको सहभागिता रहेको अभिमुखिकरण कार्यक्रममा आगामी निर्वाचनको निर्वाचन आयोगद्धारा स्वीकृत निर्वाचन आचार संहिताका विषयमा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेबाट अभिमुखिकरण गरिएको ।
- मिति २०७९।०६।१२ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा जिल्ला निर्वाचन सेलको बैठक सम्पन्न भएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

- मिति २०७९।०६।१२ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा जिल्ला निर्वाचन सेलको बैठक सम्पन्न भएको ।
- मिति २०७९।०६।१३ मा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन विशेष सुरक्षा योजना, २०७९ लाई जिल्ला सुरक्षा समितिबाट स्वीकृत गरिएको ।
- मिति २०७९।०६।२० मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा निर्वाचन जिल्ला कमाण्ड पोष्ट तथा निर्वाचन सेलको बैठक सम्पन्न भएको र निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको स्थानमा दुबै प्रहरीबाट सुरक्षा व्यवस्था मिलाइएको ।
- मिति २०७९।०६।२२ मा मुख्य निर्वाचन अधिकृतज्यूद्धारा आयोजित सर्वदलीय बैठकमा सबै सुरक्षा प्रमुखहरु सहित प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेबाट निर्वाचन विशेष सुरक्षा योजनाका मुख्य पक्षहरुमा प्रकाश पारी आवश्यक समन्वय गरिएको र जिल्ला निर्वाचन व्यवस्थापन समितिको बैठक बसी २०७९ असोज २३ बाट शुरु हुने मनोनयन दर्ता लगायत निर्वाचन कार्यक्रमको तालिका बमोजिमका कार्यहरुमा सुरक्षा व्यवस्था मिलाउने निर्णय गरिएको ।

**ग) सुरक्षा निकायको निरीक्षण**

प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरे र प्रहरी उपरीक्षक श्री भुवनेश्वर तिवारीको टोलीबाट देहायका सुरक्षा निकाय निरीक्षण गरिएको र सो को प्रतिवेदन गृह मन्त्रालय पठाइएको :-

| मिति | निरीक्षण गरिएको निकाय |
|---|---|
| २०७९।०६।१६ | ईलाका प्रहरी कार्यालय, त्रिवेणी |
| २०७९।०६।०८ | ईलाका प्रहरी कार्यालय डेढगाउँ |
| २०७९।०६।०७ | प्रहरी चौकी बुलिङ्टार |
| २०७९।०६।२४ | अस्थायी प्रहरी पोष्ट, डण्डा |

**२) सुशासन र सेवा प्रवाह,**

- २०७९।०५।०५ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा कार्यालय प्रमुखको बैठक सम्पन्न
- संस्था दर्ता ऐन, २०३४ बमोजिम यस आ.व.को पहिलो त्रैमासिकमा दर्ता तथा नविकरण भएका संस्थाहरु :-
  - दर्ता- २६ वटा
  - नविकरण – १३८ वटा

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) कावासोती २०७४

सहायक प्रमुख जिल्ला अधिकारी

- यस आ.व. को पहिलो त्रैमासिकमा मा राहदानी (E-passport) जारी : ५८१८ वटा फाराम दर्ता
- यस कार्यालयबाट सम्पादन हुने कार्यको विवरण दैनिक रुपमा दैनिक प्रतिवेदन प्रणाली (Daily Reporting System) मा अद्यावधिक भई रहेको ।
- गैडाकोट नगरपालिका नगर सभाका सबै सदस्यको क्षमता विकासको कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी सहभागी भई अन्तरक्रिया गरिएको ।
- मिति २०७९।०४।०९ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को बैठक बसी कोभिड-१९ संक्रमण रोकथाम, खोप सेवा अझ विस्तार र स्वास्थ्य संस्था पूर्व तयारी सम्बन्धी निर्णय भएको ।
- मिति २०७९।०४।०९ मा अनलाईन राहदानी फाराम भर्ने फर्मले सेवाग्राहीसंग अतिरिक्त शुल्क लिएको गुनासो उपर अनुसन्धान गरी १ (एक) जनालाई कारवाहीको दायरामा ल्याइएको ।
- मिति २०७९ श्रावण ११ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षता अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा बैठक बसी जिल्लास्थित सबै कार्यालयहरुलाई आयोगको निर्देशन पालना गर्न निर्देशन दिइएको ।
- नेपाल रेडक्रस सोसाइटीको संयोजनमा रोटरी क्लव, लायन्स क्लव र इन्सुरेन्स समुहको संयुक्त आयोजनामा कावासोतीमा भएको रक्तदान कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सहभागी हुनु भएको ।
- मिति २०७९।०४।१९ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा यस कार्यालयका कर्मचारीहरु संग कर्मचारी (स्टाफ) बैठक बसी कार्यालयबाट प्रवाह हुने सेवा थप सहज र सरल तरिकाले गुनासो नआउने गरी प्रवाह गर्ने, नागरिक वडा पत्र अद्यावधिक गर्ने लयायतको विषयमा निर्णय भएको ।
- संघीय निजामती सेवा ऐनमा राजपत्र अनंकित कर्मचारीको वृत्ति विकास र तलब समायोजनको सम्बन्धमा विभिन्न मागहरु राखी राजपत्र अनंकित प्रथम श्रेणी लगायतका कर्मचारीहरु मिति २०७९।०४।२४ गते जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, आन्तरिक राजस्व कार्यालय आदि कार्यालयका कर्मचारीहरु सामुहिक विदा माग गरी सेवाग्राहीलाई अधिकांशत सेवा प्रदान नगरेकोमा प्रमुख जिल्ला अधिकारीबाट बैठक समेत बोलाई सेवा प्रवाह नरोक्न समन्वय गरिएको ।
- कार्यालयमा सेवाग्राहीको बढ्दो कार्यचाप र राष्ट्रिय परिचयपत्र दर्तामा समेत बढोत्तरी भएको सन्दर्भमा र ८ जना राजपत्रअनंकित पद रिक्त रहेकोले सेवा प्रवाह सहज बनाउन केही कर्मचारी (आलोपालो) व्यवस्था गर्न सबै स्थानीय तहलाई अनुरोध गरिएको ।
- मिति २०७९।०४।२५ मा सामुदायिक वन दिवस २०७९ को अवसरमा डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला कार्य समिति नवलपुर (फेकोफन) र एन्साव नेपालको संयुक्त आयोजनामा कावासोती नगरपालिका वडा नं. २ स्थित विष्णुनगर सामुदायिक वन उपभोक्ता समितिमा वृक्षारोपण गरिएको ।
- **औद्योगिक क्षेत्र स्थापना सम्बन्धी समन्वय :-**
    - गण्डकी प्रदेश सरकार, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका माननीय

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

मन्त्री मणिभद्र शर्मा कंडेलज्यूको प्रमुख आतिथ्यतामा मिति २०७९।०४।२६ मा कावासोती र देवचुली नगरपालिकाको सीमाक्षेत्र लोकाहा खोलामा प्रदेश औद्योगिक क्षेत्र स्थापना सम्बन्धी छलफल कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सहभागी भई आवश्यक समन्वय भएको ।

- मिति २०७९।०४।२९ मा पुरातात्विक महत्वको प्राचिन स्मारक कैलाश शन्यास आश्रम, गैडाकोटमा पुरातत्व विभागद्धारा निर्माणाधिन शिवालय मन्दिरको प्रमुख जिल्ला अधिकारीबाट निरीक्षण भएको ।
- मिति २०७९।०४।२९ मा राष्ट्रिय युवा संघ, नवलपुरको नेतृत्वमा महंगी, भष्ट्रचार र नागरिकता सम्बन्धी विधेयकको विरुद्धमा संकलित हस्ताक्षर प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउन भनी प्रमुख जिल्ला अधिकारी मार्फत प्राप्त भएको ।
- मिति २०७९।०४।३० मा गैडाकोट नगरपालिकाको मलखाद सम्बन्धी गुनासो सुनी समन्वय गरिएको ।
- मिति २०७९।०४।३१ मा ग्यास विक्रेता संघले ग्यास वितरकहरुद्धारा निजहरुले पाउने कानून बमोजिमको नाफा (Commission) ग्यास डिस्ट्रिब्युटर द्धारा प्रदान नगरेको भनी सो संघका पदाधिकारीहरुले जानकारी गराएकोमा प्रमुख जिल्ला अधिकारीबाट आवश्यक समन्वय भएको ।
- **कार्यालय निरीक्षण**
  - मिति २०७९।०५।०१मा प्रमुख जिल्ला अधिकारीबाट नापी कार्यालयको निरीक्षण भएको ।
  - मिति २०७९।०६।२७ मा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा खटिएको अनुगमन बाट मालपोत कार्यालय, कावासोती र नेपाल विद्युत प्राधिकरण, वितरण केन्द्र कावासोतीको निरीक्षण भएको ।
- २०७९।०५।०२ मा कृषि सामग्री कंपनिले आपूर्ति गरिरहेको मलको ढुवानी खर्च र ओसारपसार खर्चको बजार दरको तुलनामा निकै कम दररेट कायम भएकोले परिमार्जन गर्न पर्ने भनी कावसोती नगरपालिका उपप्रमुख सहितको टोलीसंग प्रमुख जिल्ला अधिकारीबाट छलफल र समन्वय भएको ।
- मिति २०७९ भदौ ९ मा राष्ट्रिय दलित आयोगका मा. सदस्य श्री सुन्दर पुर्कुटी, प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय दलित आयोगका जिल्ला अध्यक्ष लगायतका पदाधिकारीको उपस्थितिमा जिल्लामा जातीय विभेदका दलिय लक्षित नीति कार्यान्वयन घटना तथा दलित अधिकार कार्यान्वयन लगायतको विषयमा छलफल भएको ।
- मिति २०७९ भदौ ९ मा जिल्ला बाल अधिकार समितिका अध्यक्ष श्री नारायण प्रसाद पौडेल, सहायक प्रमुख जिल्ला अधिकारी लगायत समितिका सदस्यहरुको उपस्थितिमा जिल्ला बाल अधिकार समितिको बैठक सम्पन्न भएको ।
- मिति २०७९।०५।०९ मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मा. दिलेन्द्र प्रसाद वडू, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुख सहित हुप्सेकोट गाउँपालिका स्थित धौवादी फलाम खानी क्षेत्रको अवलोकन/भ्रमण भएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

- निजामती सेवा दिवस को उपलक्ष्यमा हुप्सेकोट गाउँपालिकामा मिति २०७९।०५।१० देखि १३ गतेसम्म ३ दिने बृहत स्वास्थ्य शिविरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव श्री मधुकुमार मरासनी, प्रमुख जिल्ला अधिकारी समेत सहभागी भई निजामती कर्मचारी अस्पतालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंगको समन्वयमा स्वास्थ्य शिविर सम्पन्न गरिएको ।
- **संघ सस्था अनुगमन र मन्त्रालय प्रतिवेदन**
  १. लक्ष्मीनारायण मन्दिर तथा वृद्धाश्रम, कावासोती-११
  २. कुमारी निजी शैक्षिक गुठी र श्री कुमारी सेवा केन्द्र, कावासोती-४
  ३. सहयात्री आर्थिक सामाजिक विकास केन्द्र, गैडाकोट-७
  ४. सामाजिक विकास तथा अनुसन्धान केन्द्र, गैडाकोट-२
  ५. नवजागरण ग्रामीण विकास केन्द्र, गैडाकोट-९
  ६. मदारबाबा मजार संरक्षण संस्था, विनयी त्रिवेणी-६
  ७. हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेप), कावासोती-२
  ८. असल छिमेकी नेपाल, कावासोती-२
- **मदारबाबा मजार सरक्षण सस्थाको प्रारम्भिक जाँचबुझ**
  - यस कार्यालयको मिति २०७९/०५/१४ को निर्णयानुसार (प्र.जि.अ स्तर) विनयी त्रिवेणी गा.पा. वडा न. ६ मा रहेको मदार बाबा मजार सरक्षण सस्थाको प्रारम्भिक जाँचबुझबाट सस्था दर्ता ऐन, २०३४को दफा १० (४) को अवस्था देखिएकोले सोही ऐन को दफा १० (४) र ११ बमोजिम हाललाई कार्यसमिति निलम्वन तथा बैक खाता रोक्का राखी थप अनुसन्धान अगाडी बढाईएको ।
- **प्रदेशस्तरीय कार्यालयको वार्षिक समीक्षा**
  - २०७९।०५।१९ मा गण्डकी प्रदेशका माननीय अर्थमन्त्री श्री रामजी बरालज्यूको प्रमुख आतिथ्यता र प्रमुख जिल्ला अधिकारीको विशेष उपस्थितिमा गण्डकी प्रदेश सरकार अन्तर्गतका विषयगत कार्यालयको आ.ब. २०७८/०७९ को प्रगति समीक्षा विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको ।
- भाद्र २२, निजामती सेवा दिवस, २०७९ को अवसरमा जिल्ला प्रशासन कार्यालय लगायत जिल्ला स्थित सरकारी कार्यालयहरुमा आ-आफ्नो कार्यालय परिसर सरसफाई लगायत विविध कार्यक्रमहरु गरी मनाइएको ।
- मिति २०७९।०५।२४ मा राष्ट्रिय भूमी आयोग जिल्ला समितिबाट हुप्सेकोट गाउँपालिकामा निमित्त प्रमुख जिल्ला अधिकारी श्री खिमराज भुसाल, भूमि आयोग जिल्ला समितिका अध्यक्ष, हुप्सेकोट गाउँपालिका अध्यक्ष, प्रमुख नापी अधिकृत, प्रहरी प्रमुख सहित स्थानीयबासीहरुको उपस्थितिमा भूमिहिन र सुकुम्बासीको लागि जग्गा नाँपजाच सुरु गरिएको ।
- नवलपुर जिल्ला ग्यास वितरक संघ र ग्यास डिष्ट्रिव्यूटर्स का प्रतिनिधिहरु बिच खाना पकाउने ग्यासको विषयमा देखिएको स्थानीय विवादको विषयमा प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

छलफल तथा समन्वय गरिएको ।

- **राजमार्ग मर्मत, सम्भार र सडक सुचारु राख्न समन्वय**
    - मिति २०७९।०५।२७ मा गैडाकोट-१२ मा पर्ने महेन्द्र राजमार्गको भेडाबारी खण्डमा स्थानीयबासीले सडक निर्माण/मर्मत नभएकाले श्वास प्रश्वासजन्य रोग, दुर्घटना र अन्य कठीनाई लामो समयदेखि भोगिएकाले तत्काल सडकको अवस्था सुधार गर्न माग राखी नाराबाजी गरेकोमा तत्कालै समन्वय गरी सडक सुचारु गरिएको ।
    - वर्षाले पारेको असरका कारण निर्माणाधीन महेन्द्र राजमार्गको सडक मार्ग मर्मत गरी सुचारु राख्ने सम्बन्धमा आयोजना कार्यालय र व्यवसायीलाई बैठकमा बोलाई निर्देशन गरिएको ।
    - २०७९।०६।०७ मा प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षकको टोलीले बुलिङटार गाउँपालिका वडा न्. ४ को सडक खण्डको अनुगमन गरी चाडपर्वको लागि तत्काल सडक मर्मत गर्न सडक डिभिजन कार्यालय, चितवनलाई निर्देशन दिनु भएको ।
    - यात्रुवाहक सवारी साधनमा मात्र यात्रु चढाउन यातायात व्यवसायीसंग समन्वय गरिएको
- मिति २०७९।०५।२९ मा जितिया पर्वको अवसरमा थारु समुदायद्धारा आयोजित विशेष कार्यक्रममा माननीय मुख्यमन्त्रीज्यू र संघ/प्रदेश सभाका मा. सदस्यज्यू समेतको सहभागितामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी समेत सहभागी हुनु भएको ।
- मिति २०७९।०५।२९ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा राजनीतिक दलका पदाधिकारीहरुको उपस्थितीमा सर्वदलीय समन्वय बैठक सम्पन्न भएको ।
- मिति २०७९।०५।२९ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा यस कार्यालयका कर्मचारीहरु संग कर्मचारी (स्टाफ) बैठक सम्पन्न भएको ।
- विश्व आत्मा हत्या रोकथाम दिवसका अवसरमा जिल्ला प्रहरी कार्यालयद्धारा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुमन घिमिरे प्रमुख अतिथि भई र्‍यालीमा समेत सहभागी हुन भएको ।
- संविधान दिवस, २०७९ असोज ३ का सन्दर्भमा भएका मुख्य मुख्य कार्य :
    - राजनीतिक दलका प्रतिनिधी, नागरिक समाज र पत्रकार महसंघ जिल्ला अध्यक्ष सहित रेडियो मध्यविन्दु एफ.एम. मा भएको विशेष अन्तरक्रिया कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सहभागी हुनु भएको ।
    - हुप्सेकोट गाउँपालिकाको कार्यालयमा आयोजित संविधान दिवस समारोह र खेलकुद समारोहमा प्रमुख जिल्ला अधिकारी सहभागी हुनु भएको ।
    - वृक्षारोपण, सरसफाई, वक्तृत्वकला आदि कार्यक्रमहरु सरकारी तथा गैर सरकारी क्षेत्रबाट सम्पन्न भएको ।
- २०७९।०६।०५ मा विश्व शान्तिको अवसरमा रोटरयाक्ट क्लवबाट आयोजित दिप प्रज्वलनमा प्रमुख जिल्ला अधिकारी सहभागी भई शान्तिको कामना गरियो ।
- २०७९।०६।०५ मा बाल क्लवद्धारा बालबालिका लागि प्रकाशित मञ्जरी साहित्यिक पत्रिकाको लोकार्पण समारोहमा प्रदेश आन्तरिक मामिला मन्त्रीज्यू सहभागी भएको कार्यक्रममा प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

जिल्ला अधिकारीबाट शुभकामना मन्तव्य व्यक्त ।

- **२०७९।०६।०७ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरे र प्रहरी उपरीक्षक श्री भुवनेश्वर तिवारीको टोलीबाट देहाय बमोजिम अनुगमन/निरीक्षण भएको :-**
    - बुलिङटार गाउँपालिकामा वडा नं. ६ मा निर्माणाधीन स्वास्थ्य केन्द्रको अनुगमन
    - बुलिङटार गाउँपालिकामा वडा नं. ६ प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाबाट अनुदानित ६०० बोट कागती खेतीको निरीक्षण
    - बौदिकाली र बुलिङटार गाउँपालिकामा विद्युत आपूर्ति सेवा नियमित राख्न नेपाल विद्युत प्राधिकरण, वितरण केन्द्र कावासोतीलाई निर्देशन
    - बौदीकाली गाउँपालिकाको बजारमा प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक सहितको टोलीले बजार अनुगमन गरेको
    - महेन्द्र राजमार्गबाट बुलिङटार गाउँपालिका र बौदिकाली गाउँपालिकाको मुकाम जाने २ रुटका मुख्य सडक मार्ग सुचारु गर्न सडक कार्यालयलाई निर्देशन दिइएको
    - बौदीकाली गाउँपालिकामा निर्माणाधीन प्राथमिक स्वास्थ्य केन्द्रको निरीक्षण गरिएको ।
- मिति २०७९।०६।१२ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेबाट पेट्रोलियम डिलर्स एशोसियसनका पदाधिकारीसंग समन्वय गरी आगामी चाडपर्वका सन्दर्भमा सहज र सर्वसुलभ आपूर्ति गर्ने व्यवस्था मिलाइएको ।
- कावासोती नगरपालिका वडा नं. ३ स्थित अट्ठाइस विघामा प्रमुख जिल्ला अधिकारी निवास प्रयोजनको लागि हाल रहेकै भवनमा दोस्रो तला निर्माणको लागि मिति २०७९।०६।१४ मा रु ३६, ५३,३११.८२ पैसा (भ्याट बाहेक) लागत अनुमानको सूचना प्रकाशन गर्ने निर्णय भएको ।
- मिति २०७९ असोज २५मा जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व)का प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम गठित जिल्लास्तरीय अनुगमन तथा मुल्याङ्कन समितिको बैठक सम्पन्न भएको ।
- **मिती २०७९।०६।२५ गते कावासोती न.पा.८ स्थित जिल्ला प्रहरी कार्यालय प्राङ्गणमा जिल्ला प्रहरी कार्यालयको आयोजनामा "६७ औ प्रहरी दिवश २०७९" को अवसरमा रक्तदान कार्यक्रम प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेले शुभारम्भ गरी जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरिक्षक सहभागी ।**
- मिति २०७९ असोज २६ प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १८ (४) बमोजिमको जिल्लास्तरीय मुल्याङ्कन समितिको बैठक बसी कसूरजन्य सम्पत्ति तथा साधन मूल्याङ्कन गर्ने उपसमिति गठन भएको र जिल्ला प्रहरी कार्यालयबाट प्राप्त कसुरजन्य सम्पत्तिको विवरण सम्बन्धमा प्रचलित कानून बमोजिम कसैको हकदावी भए सप्रमाण निवेदन दिन हकदावी सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय भएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

**बजार अनुगमन :-**

- गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा), सिंहदरवार, काठमाडौंको च.नं. ९१ मिति २०७९/४/२० को पत्रानुसार मिति २०७९।०४।२५ मा यस कार्यालयका प्रशासकीय अधिकृत शिवराज कोइरालाको संयोजकत्वमा कावासोती नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधि तथा सरोकारवालाको सहभागितामा संयुक्त बजार अनुगमन गरिएको ।
- मिति २०७९।०५।१५ गते बिहान ८:०० बजे देखि ११:३५ सम्म जिल्ला अनुगमन टोलीबाट कावासोती नगरपालिका अन्तर्गतका ६ वटा व्यापारिक प्रतिष्ठान/फर्महरुको अनुगमन गर्दा कैफियत पाइएका (म्याद गुज्रेका, सडेगलेका, लेवल नलगाएका) सामाग्रीहरु जफत गरी नष्ट गरिएको ।
- मिति २०७९।०६।१२ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको नेतृत्वमा कावासोती नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधि, पत्रकार महासंघको प्रतिनिधि तथा सरोकारवालाको सहभागितामा कावासोती नगरपालिका अन्तर्गत ४ वटा फर्मको अनुगमन, १ खाद्यान्न स्टोर, २ मासु पसल र १ माछा पसल अनुगमन गरिएकोमा मासु तथा माछा पसल फोहोर रहेको, माछामासुमा झिंगा भन्केको तथा फ्रिजिङ नगरी राखेको पाइएकोले १ मासु पसल र १ माछा पसल शिलबन्दी गरिएको साथै ५६ केजी मासु, ५ किलो माछा जफत गरी नष्ट गरिएको। खाद्यान्न स्टोरबाट करिव २ ट्रक म्याद गुज्रेका सामानहरु जफत गरी नष्ट गरिएको ।
- मिति २०७९।०६।०७ मा देवचुली नगरपालिकाको प्रगतिनगर स्थित जुगनु पाउरोटी वेकरी अनुगमन गर्दा ११७ पिस पाउरोटी, ३०२ प्याकेट (एक प्याकेटमा पाँच पिस रहेको) गोलो पाउरोटी, ९४४ प्याकेट पप (एक प्याकेटमा पाँच पिस रहेको), २३७ प्याकेट गोलो विस्कुट, बाउन्न प्याकेट टोस्ट, १०८ प्याकेट क्रिम रोल वरामद गरी नष्ट गरिएको र मिति २०७९।०६।१२ मा नियमानुसार सो वेकरीलाई २,००,०००/-(दुई लाख) जरिवाना गरी असूल उपर गरिएको।
- मिति २०७९।०६।१३ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको नेतृत्वमा कावासोती नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधि, पत्रकार महासंघको प्रतिनिधि तथा सरोकारवालाको सहभागितामा कावासोती नगरपालिका वडा नं. ८ र १६ अन्तर्गतका खाद्यान्न पसल-२, मासु पसल-२, माछा पसल-१ र महेन्द्र राजमार्गको छेउमा रहेको होटल-१ को अनुगमन गरिएकोमा दर्ता नगरी सञ्चालनमा रहेको ३१ के.जी. पाडाको मासु र खाद्य पसलबाट म्याद गुज्रेको सामान २ ट्रक र एक पिक उपमा राखी जफत गरी नष्ट गरिएको। उक्त २ मासु पसल दर्ता नगरी मापदण्ड विहिन संचालन गरेकाले सिलबन्दी गरिएको ।

**३) विपद् व्यवस्थापन सम्बन्धमा**

- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम १६ बमोजिम जिल्ला प्रशासन

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

कार्यालय र स्थानीय विपद व्यवस्थापन समितिबाट प्राप्त विवरण समेटी आ.ब. २०७८/०७९ को वार्षिक प्रगति विवरण तयार गरी श्री राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाडौं पठाइएको ।

- मिति २०७९ साउन १६ गते देखि परेको अविरल वर्षाका कारण नारायणी नदि आसपासका क्षेत्रमा डुबानको जोखिम बढेकाले गण्डक बाधको सबै ढोका खुलाउन पहल गरिएको। भारतले सबै ढोका खोली दिएको । डुबानको जोखिम न्यून रहेको, तटिय क्षेत्रका नागरिकलाई सूचना जारी गरी सतर्कता अपनाउन अनुरोध गरिएको तथा सम्भावित जोखिमलाई मध्यनजर गरी सुरक्षा निकायलाई तयारी अवस्थामा रहन निर्देशन दिइएको। हाल वर्षात घट्दै गएको र जनजिवन सामान्य हुदै गएको ।
- केही दिन देखि परेको बर्षातको कारण आएको बाढीले कावासोती नगरपालिका वडा नं. १, हात्तिखोर स्थित केरुङ्गे खोलामा बाढीले कटान गरी सिँचाई कुलो, केही घर र बस्तीलाई जोखिम पुऱ्याएकोले प्रमुख जिल्ला अधिकारी सहित जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका जनप्रतिनिधी तथा सुरक्षा निकायको टोलीबाट अनुगमन गरिएको ।कटान रोक्नका लागी तत्काल पहल गर्न सरोकारवाला निकाय लाई निर्देशन दिएको ।
- मिति २०७९।०४।२५ मा जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका जनप्रतिनिधी, प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायको टोलीबाट मध्यविन्दु नगरपालिका अरुण खोलाको विभिन्न स्थानमा संकलन गरिएको नदीजन्य पदार्थको अनुगमन गरिएको । उक्त पदार्थ तत्काल नापजाँच गरी जफत गरी कानून बमोजिम लिलाम गर्न समन्वय समेत गरिएको र सुरक्षा निकायलाई निर्देशन गरिएको।
- विनयी त्रिवेणी गाउँपालिकाको दुम्किवास बजारमा रहेको महेन्द्र राजमार्ग पर्ने सडक पुल क्षेत्रमा हालैको अविरल बाढीले क्षति पुऱ्याइ रहेकोले नदिजन्य पदार्थ हटाउने सम्बन्धमा गाउँपालिकाको अनुरोध बमोजिम समन्वय गरिएको ।
- जिल्ला आपतकालिन सञ्चालन केन्द्र (DEOC) स्थापनाको आवश्यक सामग्री गृह मन्त्रालयबाट प्राप्त भएको सो स्थापनाको लागि व्यवस्थापनको कार्य भई रहेको र नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालबाट १/१ जना जनशक्ति व्यवस्था भएको ।
- मिति २०७९।०६।०२ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा जिल्ला विपद व्यवस्थापन समितिको बैठक बाट डेंगु रोग नियन्त्रण गर्ने तथा जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) शुभारम्भ गर्ने निर्णय भएको ।
- मिति २०७९।०६।२० मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रको बैठक बसेको र मनसुनी अविरल वर्षाको कारण हुनसक्ने धनजनको क्षति रोक्न उद्दार र राहतका लागि सरोकारवालाहरुसंग समन्वय गरी कार्य गरिएको । केही दिनको वैर्षा मापन खतरा स्तरमा पुगेकाले प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेले

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

भारतीय समकक्षी डीएम श्री कुन्दन कुमारसंग फोन सम्पर्क/समन्वय गरी गण्डक व्यारेजको सबै (३६) ढोका खोल्न लगाईएको र सो बाट नारायणी नदी किनारमा हुनसक्ने सम्भाव्य क्षति न्यून भएको ।

- मिति २०७९।०६।१८ गते देखी परेको अबिरल बर्षादको कारण नदि खोला तथा अन्य तटिय क्षेत्रमा बाढि डुवान तथा पहिरोको जोखिम रहेको कारण त्यस्ता स्थानमा रहेका वस्ती समुदायलाई मिति २०७९।०६।२० गते देखी सुरक्षित स्थानमा स्थानान्तरण गरिएकोमा बर्षाद हुने क्रम रोकिएको तथा नदी खोलाहरुमा पानीको सतह कम हुंदै गएकोले निम्न पालिका सबै घर परिवार सदस्य क्रमशः घर फिर्ता भएको र केही स्थानमा विभिन्न नदी/खोलानाला कटान भई क्षति पुऱ्याएको ।

निम्नः-

| | | |
|---|---|---|
| गैडाकोट न.पा.२ बोटे टोल | ८० घर धुरी | परिवार सदस्य संख्या ३९९ जना |
| मध्यविन्दु न.पा.२ कोल्हुवा | २० घर धुरी | परिवार सदस्य संख्या ६८ जना |
| विनयी त्रिवेणी गा.पा.१ | २६ घर धुरी | परिवार सदस्य संख्या १४३ जना |
| हुप्सेकोट गा.पा.४ रुम्सी | १६ घर धुरी | परिवार सदस्य संख्या ९० जना |

**४) विकास निर्माणमा समन्वय सहजीकरण**

- मिति २०७९।०४।२३ मा नेपाल विद्युत प्राधिकरण हेटौडा-भरतपुर-बर्दघाट २२० के.भी. प्रसारण लाइन आयोजनाको विनयी त्रिवेणी गाउँपालिका वडा नं. २ सुनटाढीमा १९८ र १९९ नं. टावर निर्माण सम्बन्धमा प्रमुख जिल्ला अधिकारी, विनयी त्रिवेणी गाउँपालिका अध्यक्ष, जिल्ला समन्वय समितिको सदस्य, आयोजना कार्यालय प्रमुख/प्रतिनिधी तथा सरोकारवालाका प्रतिनिधिहरुसंग मुआब्जा निर्धारण सम्बन्धमा समन्वय बैठक बसेको ।
- मिति २०७९।०४।२४ मा नेपाल विद्युत प्राधिकरणको बुलिङटार गाउँपालिकाको बोझापोखरीमा सवस्टेशन निर्माण गर्न लागिएकोमा देवचुली नगरपालिका वडा नं. ९ को रावल चोकमा स्थानीयबासीबाट विद्युतिकरणमा भएको अवरोध खुलाउन नगर प्रमुख सहितको बैठक राखी पोल र तार जडान गर्न सहमती कायम गरी समन्वय गरिएको र तत्पश्चात पोल/तार जडान कार्य सम्पन्न भएको ।
- मिति २०७९।१० मा देवचुली नगरपालिका वडा नं. ९ को बिशालटार क्षेत्रमा लोकाहा खोला देखि एस मोडको गोरे घुम्तीसम्म विद्युतिकरण गर्ने प्रयोजनको शिलशिलामा स्थानीयद्धारा अवरोध सृजना भएकाले सोको समाधानका लागि विद्युत प्राधिकरणसंग समन्वय गरी सबै सुरक्षा निकायले

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

समन्वयात्मक रुपमा सुरक्षा व्यवस्था मिलाई विद्युतिकरण (पोल गाड्ने तथा तार तान्ने) कार्यमा सहयोग पुऱ्याउने व्यवस्था गरिएको ।

- मिति २०७९।०४।२७ मा गाउँपालिका अध्यक्ष र प्रमुख जिल्ला अधिकारीबाट नेपाल विद्युत प्राधिकरण, अरुणखोला दुम्कीबास १३२/३३ के.भी. सवस्टेशन आयोजनाको जग्गा अधिग्रहण सम्बन्धी गुनासो स्थलगत अनुगमन गरी समन्वय भएको ।
- नेपाल विद्युत प्राधिकरण, हेटौडा-भरतपुर-बर्दघाट २२० के.भी. प्रसारण लाइन, हेटौडाको विनयी त्रिवेणी गाउँपालिका वडा नं. २ को सुनटाढीमा विद्युतिकरण गर्न (पोल गाड्ने र तार तान्ने प्रयोजनको लागि) मुआब्जा निर्धारणका लागि समन्वय भई रहको ।
- मिति २०७९।०५।०८ मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मा. दिलेन्द्र प्रसाद वडूज्यू, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुख सहित विनयी त्रिवेणी गाउँपालिका स्थित होङ्सी सिमेन्ट उद्योग प्रा.लि. को अवलोकन, व्यवसायीसंग अन्तरक्रिया र हुप्सेकोट गाउँपालिका स्थित धौवादी फलाम खानी क्षेत्रको निरीक्षण भएको ।
- मिति २०७९।०५।०९ मा गण्डकी प्रदेशका उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री माननीय हरिशरण आचार्यज्यू र प्रमुख जिल्ला अधिकारी सुमन घिमिरे सहितको टोलीले देवचुली नगरपालिका वडा नं ९ मा विगतमा  स्थानीयहरु बाट अवरुद्ध भई अहिले सचालन भई रहेको विधुतीकरण (पोल गाडने र तार तान्ने) कामको निरिक्षण तथा समन्वय भएको र उक्त कार्य सम्पन्न भएको ।
- मिति २०७९।०६।०६ मा प्रमुख जिल्ला अधिकारी एवं मुआब्जा निर्धारण समितिका संयोजक श्री सुमन घिमिरेको अध्यक्षतामा अरुणखोला दुम्कीवास १३२/३३ के.भि. सबस्टेशन आयोजना, नेपाल विद्युत प्राधिकरणको १३२/३३/११ के.भि. दुम्कीबास सबस्टेशन, नवलपरासी (वर्दघाट-सुस्ता पूर्व) को लागि थप जग्गा अधिग्रहणको सम्बन्धमा बैठक सम्पन्न भएको ।

## ५) लागु औषध नियन्त्रण

- विद्यालय, क्याम्पस, युवा क्लवमा युवा लक्षित गरी २१ पटक लागू औषध विरुद्ध विभिन्न प्रकारका सचेतना कार्यक्रम सञ्चालन गरिएको ।

## ६) महेन्द्र राजमार्ग/कालिगण्डकी कोरिडोर सडक मर्मत संभार निर्माण समन्वय

नारायणघाट देखि दाउन्ने खण्डसम्म निर्माणाधिन महेन्द्र राजमार्गको विभिन्न खण्डमा ठुला-ठुला खाल्डा-खुल्डी रहेको र निरन्तरको वर्षाको कारण सवारी साधन दुर्घटनाग्रस्त भई सर्वसाधारण यात्रु गम्भिर घाइते समेत भई सघन उपचार कक्षमा उपचार गराउनु गर्ने अवस्था बारम्बार

जिल्ला प्रशासन कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पूर्व) कावासोती २०७४

सहायक प्रमुख जिल्ला अधिकारी

देखिएको र हाल वर्षा समेतको कारणले सो क्रम बढेकाले उक्त सडक मर्मत सम्भारको तत्कालै आवश्यक ठोस व्यवस्था र समन्वय हुन विशेष अनुरोध गर्दछु ।

साथै यस सडक खण्डका विभिन्न स्थानमा स्थानीयबासीबाट सडकको अवस्था ज्यादै बिग्रिएकाले निरन्तर मर्मत सम्भार गरी सडक दुर्घटना अन्त गर्न, सडकमा उडेका धुलोको कारण देखा परेको श्वासप्रश्वासजन्य रोगको अवस्थाबाट जोगाउने लगायतका माग गरिरहेको विषयलाई जिल्ला स्तरमा आयोजनाका अधिकारीहरु संग पटक पटक बैठक राखी अनुरोध गर्दा समेत यथोचित सम्बोधन नभएकाले दुर्घटना तथा जनधनमा भईरहेको क्षति रोक्न समेत गंभीरतापूर्वक उचित व्यवस्था हुन आयोजना निर्देशकज्यू, आयोजना निर्देशनालय (ADB), विशालनगर, काठमाडौंसंग समन्वय गरिएको ।

(ञ) **सूचना अधिकारी र प्रमुखको नाम र पद :**

- सूचना अधिकारी : सुवास कुमार लामिछाने, सहायक प्रमुख जिल्ला अधिकारी (९८५७०४०२६७)
- प्रमुख : प्र.जि.अ.श्री सुमन घिमिरे (९८५७०८७७७७)

(ट) **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन, २०६३
- राहदानी ऐन, २०६३
- विष्फोटक पदार्थ ऐन, २०१८
- बालबालिक सम्बन्धी ऐन, २०७५
- भ्रष्टाचार निवारण ऐन, २०५९
- मानव अधिकार आयोग ऐन, २०५३
- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- सशस्त्र प्रहरी ऐन, २०४८
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- संस्था दर्ता ऐन, २०३४
- सार्वजनिक सुरक्षा ऐन, २०६०
- संक्षिप्त कार्यविधि ऐन, २०२८
- होटल व्यवस्था तथा मदिराको विक्रि वितरण (नियन्त्रण) ऐन, २०२३
- उपभोक्ता संरक्षण ऐन, २०७५
- कारागार ऐन, २०१९

जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४
सहायक प्रमुख जिल्ला अधिकारी

- खाद्य ऐन, २०२३
- छापाखाना र प्रकाशन ऐन, २०४८
- जलश्रोत ऐन, २०४९
- जग्गा प्राप्ती ऐन, २०४९
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- प्रहरी ऐन, २०१२
- उमेर नाम र जात सच्याउने नियमहरु, २०१७
- नागरिकता नियमावली, २०६३
- कारागार नियमावली, २०२०
- खाद्य नियमावली, २०२७
- छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९
- जलश्रोत नियमावली, २०५०
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- हातहतियार खरखजाना नियमावली, २०२८
- प्रहरी नियमावली, २०२८
- राहदानी नियमावली, २०६७
- सशस्त्र प्रहरी नियमावली, २०६०
- संस्था दर्ता नियमावली, २०४३
- सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१
- मुलुकी देवानी संहिता,२०७४ र मुलुकी देवानी कार्यविधि संहिता ,२०७४
- मुलुकी अपराध संहिता,२०७४, मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ र फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- नागरिकता वितरण कार्यविधि निर्देशिका,२०६३
- लागु औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुन:स्थापना केन्द्र सञ्चालन निर्देशिका,२०६८
- हातहतियार, खरखजाना एवं विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका,२०६९
- नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिने सम्वन्धी कार्यविधि,२०७५
- सदाचार संहिता,२०७५
- मानवरहित उपकरण ड्रोन उडान सम्वन्धी कार्यविधि,२०७५
- CCTV जडान तथा सञ्चालन सम्वन्धी कार्यविधि,२०७५
- राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि,२०७५
- कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन,२०७० (संशोधन सहित)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

## आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण : आ.व. ०७९/८०

| विवरण | चालु तर्फ (रु.) | पूँजीगत तर्फ (रु.) |
|---|---|---|
| आ.व. २०७९।८० को लागि स्वीकृत बार्षिक विनियोजित बजेट | २,३९,८८,०००/- | ५९,००,०००/- |
| २०७९ श्रावण १ देखि असोज मसान्तसम्मको खर्च रु. | ४९,३०,२८८/- | ७,३२,९६५/- |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण तर्फ विनियोजित वजेट | १३,०५,०००/- | |
| राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण तर्फ २०७९ श्रावण १ देखि असोज मसान्तसम्मको खर्च रु. | ३,२३,५९५/- | - |
| विपद व्यवस्थापन कोष तर्फ विनियोजित :- संघ<br>प्रदेश<br>२०७९ श्रावण १ देखि असोज मसान्तसम्मः-<br>संघ तर्फ खर्च रु.<br>प्रदेश तर्फ खर्च रु. | २३,६९,००४/-<br>२०,५१,०४३/-<br><br>५०,०००/-<br>०/- | |

ड) **अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण : नभएको**

ढ) सार्वजनिक निकायको वेवसाईट भएको सोको विवरण :-

- **www.daonawalparasieast.moha.gov.np**
- **Mobile Apps** नवलपरासी वर्दघाट सुस्तापूर्व
- **Facebook page : daonawalpur**

ण) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : -

त) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण : -

थ) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि : -

द) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको बिषय

माग नभएको ।

जिल्ला प्रशासन कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पूर्व) कावासोती २०७४

..........................

सुवास कुमार लामिछाने

सहायक प्रमुख जिल्ला अधिकारी